# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प. सं. ०७६/७७ प्र.ज. वि. शा.

च. नं. २६०३

मिति २०७६/०८/०८

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०८/०५ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना– ४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

........................
(अर्जुन पौडेल)
शाखा अधिकृत

शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

१५औं कार्यपालिका बैठकका निर्णयहरू (२०७६ मंसिर ५)

१. पाँचौ नगरसभा मिति २०७६ पौष १३ देखि शुरु गर्नेगरी विधेयकहरूको मस्यौदा तयारी तथा पुरक बजेट तर्जुमा लगायतका कार्य अगाडि बढाउने निर्णय गरियो ।

२. कार्यविधि/निर्देशिका

२.१. विज्ञापन कर निर्देशिका, २०७६ को मस्यौदामा छलफल गर्दा सुझाव अनुरुप संशोधन गरी पारित गर्ने निर्णय गरियो ।

२.२. बालबालिकाको हकहित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यविधि, २०७६ को मस्यौदा सम्बन्धमा छलफलबाट आएका सुझाबहरू समेत समावेश गरी परिमार्जनसहित पारित गर्ने निर्णय गरियो ।

२.३. आवासीय बालगृह संचालन मापदण्ड, २०७६ को मस्यौदा उपर छलफल भई प्राप्त सुझाबहरू समेत समावेश गरी परिमार्जनसहित पारित गर्ने निर्णय गरियो ।

३. भरतपुर मेट्रो प्लाजा, अटो ल्याण्ड र नारायणी नदी विकास आयोजनाहरूको सम्बन्धमा विभिन्न समितिमा भएका छलफल अनुसार नै भरतपुर महानगरपालिका, नगर विकास कोष र निजी क्षेत्रको संयुक्त लगानीमा निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जटिल प्रविधि अपनाउनु पर्ने तथा Grader, Loader, Bitumen प्रयोग गरी गरिने निर्माण कार्य उपभोक्ता समितिबाट नगराउनु भनी भएको परिपत्र सम्बन्ध जानकारी गराइयो ।

५. आर्थिक अनुशासन कायम गर्न तथा योजना कार्यान्वयलाई सुनिश्चत गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो:

५.१. हरेक आर्थिक वर्षको समाप्तिसँगै सो आ व को बजेट स्वत फ्रिज हुने ।

५.२. गत आ.व. २०७५/७६ को भुक्तानी दिन बाँकी आयोजनाहरूको रकम २०७६ मंसिर मसान्त पछि भुक्तानी नगरी पुरक बजेटमा समावेश गर्ने ।

५.३. चालु आर्थिक वर्ष २०७६/७७ मा उपभोक्ता समितिबाट संचालन हुने आयोजनाको हकमा २०७६ पुष १५ गते भित्र सम्झौता गरिसक्ने । सो अवधिभित्र उपभोक्ता समितिसँग सम्झौता नभएमा टेन्डर प्रक्रिया मार्फत कार्यान्वयन गर्ने ।

६. विभिन्न पदमा कार्यरत प्राविधिक कर्मचारीको सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:

प्रमुख

६.१. महानगरपालिकाको वडा स्तरबाट हुने सबैजसो सेवाप्रवाहका कार्यहरू अनलाइन प्रणाली मार्फत गरिने भएको तर कम्प्यूटर अपरेटरको स्वीकृत दरवन्दी नदेखिएकोले हाललाई हरेक वडामा १/१ जना कम्प्यूटर अपरेटरको दरवन्दी रहने गरी कार्यरत रहेकोले सोलाई समर्थन गर्ने । साथै वडागत कार्यचापलाई मध्यनजर गर्दै संगठन तथा व्यवस्थापन (O&M) सर्भे प्रक्रिया अगाडि बढाउने ।

६.२. खुल्ला प्रतिष्पर्धामार्फत नियुक्ति गरी दैनिक ज्यालादारीमा कार्यरत कम्प्युटर अपरेटर र प्राविधिक कर्मचारीसँग करार सम्झौता गर्ने ।

६.३. महानगरपालिकाको विभिन्न प्राविधिक कार्यको लागि तत्कालीन अवस्थामा अत्यावश्यक भई दैनिक ज्यालादारीमा कामकाजमा खटाइएका कर्मचारीको हकमा खुल्ला प्रतिष्पर्धा गराउने प्रक्रिया अगाडि बढाउने ।

७. भरतपुर महानगरपालिकाको स्वामित्त्वमा भएका नेपाल रिभर ट्रान्सपोर्ट प्रा. लि. सँग सम्झौता भई कोशी नदीमा संचालित २ वटा जेटवार्ज सम्बन्धमा उक्त कम्पनीसँगको सम्झौता अगाडि बढाउने वा नबढाउने सम्बन्धमा राजस्व परामर्श समितिले आवश्यक परे विज्ञ समेतको राय लिई कानूनी जटिलता समेत अध्ययन गरी ७ दिनभित्र सुझाव सहितको सिफारिस नगर प्रमुख समक्ष पेश गर्ने निर्णय गरियो ।

८. विविध

८.१. प्रस्तावित शिक्षा नीति सम्बन्धमा आवश्यक प्रक्रिया पुरागरी आगामी बैठकमा छलफल गर्नेगरी सैद्धान्तिक सहमति गरियो ।

८.२. साविकको भरतपुर नगर/उप/महानगरपालिकाबाट सेवानिवृत्त कर्मचारीहरुको उपदान रकम भुक्तानी रु १,०१,२९,२३५/- (एक करोड एक लाख उनन्तिस हजार दुईसय पैतिस मात्र) समर्थन गरियो ।

८.३. गरिमा धानको क्षतिपूर्ति सम्बन्धमा कृषक र रकम समेत एकिन गरी क्षतिपूर्ति रकमको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

८.४. ओमनको मस्कट र बेल्जियमको Grobbendonk शहरसँग भगिनी सम्बन्ध स्थापनाको प्रक्रिया अगाडि बढाउनुका साथै सोसँग सम्बन्धित विषयमा नगर प्रमुख, उपप्रमुख समेतको बेल्जियम भ्रमणलाई समर्थन गर्ने निर्णय गरियो ।

प्रमुख

८.५. जरिवाना वापतको रकमबाट जरिवाना गर्ने र जरिवाना सम्बन्धी सूचना दिने व्यक्ति भए जरिवाना रकमको १० प्रतिशत र संस्था भए २० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

८.६. बाल श्रम मुक्त तथा बालमैत्री वडा घोषणा गर्नका लागि तय गरिएका सूचक पुरा भएका आधारमा वडाहरूबाट प्रस्ताव माग गर्ने निर्णय गरियो ।

८.७. अन्य

- ✓ ट्राफिक कार्यालयसँग समेत समन्वय गरी भरतपुर महानगरपालिका दुर्घटना सम्भावित स्थानहरू पहिचान गर्ने र त्यस्ता स्थानमा सिसिटिभि जडानको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।
- ✓ भरतपुर महानगरपालिका भित्र प्रदेश सरकारबाट स्थापना आयुर्वेद अस्पतालको सन्दर्भमा प्रदेश सरकार समक्ष प्रस्ताव पठाउने निर्णय गरियो ।
- ✓ भ्रमण वर्ष, २०२० को सन्दर्भमा महानगरपालिका र निजी क्षेत्रको ५०/५० लागत सहभागिता हुनेगरी नारायणी नदी किनारको उपयुक्त स्थानमा पर्यटकीय स्तम्भ Sea Beach Model को DPR मा समेत समावेश गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।
- ✓ वडा नं. ८ शान्ति टोल निवासी भूकम्पपीडित विजय परियार (दर्जी) २०७५ पौष ७ गतेको कार्यपालिकाको २३औं बैठकको निर्णय नं. ४ (ग) को निर्णय समेतको आधारमा निजको मागदावी एवं प्राविधिक मूल्याङ्कन अधिक भएपनि महानगरपालिकाको तत्कालीन एवं पछिल्लो सडक मापदण्डको कारण निजलाई पर्नगएको मर्कालाई मध्यनजर गर्दै थप २ लाख गरी जम्मा ३ लाख रुपैया स्थानीय विपद् व्यवस्थापन कोषबाट क्षतिपूर्ति स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।
- ✓ भरतपुर महानगरपालिकाका मुख्य चोक र सडकहरूमा विद्युत प्राधिकरणको स्मार्ट स्ट्रिट लाइट जडानको आयोजना लागि महानगरपालिकाबाट व्यहोर्नु पर्ने कुल लगानीको १० प्रतिशत रकम स्वीकृत गर्ने निर्णय गरियो ।
- ✓ भरतपुर महानगरपालिका वडा नं. २९ को भिमबहादुर गुरुङको लगाएतको निजी जग्गा निजी प्रयोजनको लागि सम्याउन आवश्यक भएको भनी दिएको निवेदनमा माटो सम्याउदा उक्त स्थानबाट निस्कने माटो महानगरपालिकामा संचालित

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

प्रचण्ड मार्ग (प्याकेज २) आयोजनामा मात्र प्रयोग गर्ने र त्यसरी सम्याउदा हुनसक्ने भूक्षयीकरणको लागि संरक्षण र उपयोग योजना समेत पेश गर्ने र महानगरपालिकाको नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यविधि, २०७५ बमोजिम अन्य शर्तहरु समेत राखी स्वीकृत दिने निर्णय गरियो ।

२०७६।८।५

प्रमुख